E-mail: deo.parsa@election.gov.np

निर्वाचन आयोग, नेपाल

# जिल्ला निर्वाचन कार्यालय

पर्सा, वीरगंज

प.स. २०७८/०७९
च.न.

मितिः-२०७८/११/१८

## सूचना ! सूचना !! सूचना !!!

संवत् २०७९ साल बैशाख ३० गते हुने स्थानीय तह निर्वाचनको लागि अद्यावधिक मतदाता नामाली तयार गर्ने सिलसिलामा निर्वाचन कार्यालय, पर्सामा नामावली अद्यावधिक( दावी विरोध समेत) कार्यक्रम, २०७८ सम्बन्धी तपसिलमा उल्लेखित बमोजिमको कार्यक्रम सञ्चालन हुने व्यहोरा सम्बन्धित सबै जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

**तपसिल**

| क्र.स. | कार्यक्रम | देखि | सम्म | सम्पर्क गर्ने स्थान |
|---|---|---|---|---|
| १. | कार्यक्रमको सूचना तथा मतदाता नामावली प्रकाशन | २०७८/११/१९ | २०७८/११/१९ | सम्बन्धित वडा कार्यालय र जिल्ला निर्वाचन कार्यालय पर्सा। |
| २. | मतदाता नामावलीमा रहेको त्रुटि सच्याउन निवेदन दिने | २०७८/११/२० | २०७८/११/२२ | जिल्ला निर्वाचन कार्यालय पर्सा। |
| ३. | मतदाता नामावलीमा कसैले झुठा विवरण दिई नामावलीमा नाम समावेश गरेको भए सोको विरोधमा उजुरी दिने (प्रमाण सहितको) | | | जिल्ला निर्वाचन कार्यालय पर्सा। |
| ४. | मतदाता नामावली कुनै मतदाताको नाम एक भन्दा बढी स्थानमा समावेश भएकोमा एक स्थानमा मात्र कायम गर्न निवेदन दिने (एकै स्थानीय तह वा फरक फरक स्थानीय तह वा एकै जिल्ला भित्रको भए र फरक फरक जिल्लामा भए निर्वाचन कार्यालय मार्फत आयोगमा निवेदन दिने) | | | जिल्ला निर्वाचन कार्यालय पर्सा। |
| ५. | मतदाता नामावलीमा मृत्यू भएका वा नागरिकता त्याग गरेका मतदाताको नाम मतदाता नामावलीबाट हटाउनको सूचना दिने | २०७८/११/२० | २०७८/११/२३ | जिल्ला निर्वाचन कार्यालय पर्सा। |

**नोटः** माथी उल्लेखित मिति भित्र प्राप्त हुन आएको दावी विरोध सम्बन्धी प्रमाण सहितको निवेदन उपर यस कार्यालयले आवश्यक जाँचवुझ गरी सोको विवरण मिति २०७८/११/२६ गते भित्र तयार गरी निर्वाचन आयोगमा पठाईने छ।

**जिल्ला निर्वाचन कार्यालय, पर्सा**

वीरगंज महानगरपालिका १३, पर्सा नेपाल फोन नं. ०५१-५२५८३८ मोबाइलः ९८५५०३५८३८ फ्याक्सः ०५१-५२५८३८

“फोटोसहितको मतदाता नामावलीमा नाम दर्ता गरौं”

निर्वाचन आयोग, नेपाल

प्रमुख नाम दर्ता अधिकारीको कार्यालय पर्सा

मतदाता नामावली अद्यावधिक (दाबी विरोध समेत) कार्यक्रम सम्बन्धी सूचना

मतदाता नामावली अद्यावधिक (दाबी विरोध समेत) कार्यक्रम, २०७८ देहायका क्रियाकलाप सहित सञ्चालन हुने हुँदा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ ।

| क.सं. | क्रियाकलाप | देखि | सम्म | दफा | सम्पर्क गर्ने स्थान | जिम्मेवार व्यक्ति/निकाय |
|---|---|---|---|---|---|---|
| १ | कार्यक्रमको सूचना तथा मतदाता नामावली प्रकाशन | २०७८/११/१९ | २०७८/११/१९ | मतदाता नामावली ऐन, २०७३ को दफा १३ | सम्बन्धित वडा कार्यालय र प्रमुख नाम दर्ता अधिकारीको कार्यालय | प्रमुख नाम दर्ता अधिकारी |
| २ | क.सं. १ बमोजिम प्रकाशित मतदाता नामावलीमा रहेको त्रुटि सच्याउन सम्बन्धित प्रमुख नाम दर्ता अधिकारीको कार्यालयमा निवेदन दिने | २०७८/११/२० | २०७८/११/२२ | मतदाता नामावली ऐन, २०७३ को दफा १४ | प्रमुख नाम दर्ता अधिकारीको कार्यालय | सम्बन्धीत मतदाता वा निजको परिवारको सदस्य |
| ३ | क.सं. १ बमोजिम प्रकाशित मतदाता नामावलीमा कसैले झुट्टा विवरण दिई नामावलीमा नाम समावेश गरेको भए सोको विरोधमा उजुरी दिने | २०७८/११/२० | २०७८/११/२२ | मतदाता नामावली ऐन, २०७३ को दफा १५ | प्रमुख नाम दर्ता अधिकारीको कार्यालय | कुनै पनि व्यक्ति |
| ४ | क.सं. १ बमोजिम प्रकाशित मतदाता नामावलीमा कुनै मतदाताको नाम एकभन्दा बढी स्थानमा समावेश भएकोमा एक स्थानमा मात्र कायम गर्न निवेदन दिने (एकै स्थानीय तह वा फरक फरक स्थानीय तह वा एकै जिल्ला भित्रको भए प्रमुख नाम दर्ता अधिकारीको कार्यालयमा र फरक फरक जिल्लामा भए प्रमुख नाम दर्ता अधिकारी मार्फत आयोगमा निवेदन दिने) | २०७८/११/२० | २०७८/११/२२ | मतदाता नामावली ऐन, २०७३ को दफा १६ | प्रमुख नाम दर्ता अधिकारीको कार्यालय | सम्बन्धित मतदाता |
| ५ | क.सं. १ बमोजिम प्रकाशित मतदाता नामावलीमा मृत्यु भएका वा नागरिकता त्याग गरेका मतदाताको नाम मतदाता नामावलीबाट हटाउनको लागि सूचना दिने | २०७८/११/२० | २०७८/११/२३ | मतदाता नामावली ऐन, २०७३ को दफा १८ | प्रमुख नाम दर्ता अधिकारीको कार्यालय | सम्बन्धित मतदाताको एकाघरको सदस्य वा अन्य कुनै व्यक्ति |
| ६ | बसाइ सरी अन्यत्र गएका वा मृत्यु भएका वा नागरिकता त्याग गरेका वा नागरिकता रद्द भएका मतदाताको विवरण स्थानीय पञ्जिकाधिकारीबाट प्राप्त गर्ने | २०७८/११/२० | २०७८/११/२३ | मतदाता नामावली ऐन, २०७३ को दफा १८ | स्थानीय पञ्जिकाधिकारीको कार्यालय | प्रमुख नाम दर्ता अधिकारीको कार्यालय |
| ७ | क.सं. ३ बमोजिम उजुरी परेको मतदातालाई प्रमाणसहित सफाइको मौका दिने | २०७८/११/२० | २०७८/११/२४ | | प्रमुख नाम दर्ता अधिकारीको कार्यालय | प्रमुख नाम दर्ता अधिकारी/सम्बन्धित मतदाता |
| ८ | क.सं. ५ बमोजिम प्राप्त सूचना र क.सं. ६ बमोजिम स्थानीय पञ्जिकाधिकारीबाट प्राप्त विवरणको आधारमा बसाइ सरी अन्यत्र गएका वा मृत्यु भएका मतदाताको हकमा जाँचबुझ गरी प्रमुख नाम दर्ता अधिकारीले हटाउने निर्णय गर्ने । नागरिकता त्याग गरेका वा नागरिकता रद्द भएका मतदाताको नाम मतदाता नामावलीबाट हटाउने सम्बन्धमा आवश्यक छानवीन गरी प्रमुख नाम दर्ता अधिकारीले हटाउने निर्णय गर्ने । | २०७८/११/२० | २०७८/११/२४ | मतदाता नामावली ऐन, २०७३ को दफा १८ | | प्रमुख नाम दर्ता अधिकारी |
| ९ | सूचना/निवेदन प्राप्त नभए तापनि कुनै मतदाता बँसाई सरी गएको, मृत्यु भएको, नागरिकता त्याग वा रद्द भएको व्यहोरा प्रमाणित हुन आएमा त्यस्तो मतदाताको नाम नामावलीबाट हटाउने । | २०७८/११/२३ | २०७८/११/२४ | मतदाता नामावली ऐन, २०७३ को दफा १८ | | प्रमुख नाम दर्ता अधिकारी |
| १० | क.सं. ३ बमोजिम परेको उजुरी र क.सं. ७ बमोजिम सम्बन्धित मतदाताले दिएको सफाइको आधारमा उक्त मतदाताको नामावलीबाट नाम हटाउने वा राख्ने सम्बन्धमा प्रमुख नाम दर्ता अधिकारीले निर्णय गर्ने । | २०७८/११/२४ | २०७८/११/२५ | | | प्रमुख नाम दर्ता अधिकारी |
| ११ | क.सं. २ बमोजिम परेका निवेदन बमोजिम जाँचबुझ गरी प्रमुख नाम दर्ता अधिकारीले त्रुटि सच्याउने | २०७८/११/२५ | २०७८/११/२५ | | | प्रमुख नाम दर्ता अधिकारी |
| १२ | क.सं. ११ बमोजिम त्रुटि सच्याइएको र क.स. ८, ८, ९ र १० बमोजिम नाम हटाइएको सूचना निर्वाचन कार्यालयमा प्रकाशन गर्ने | २०७८/११/२५ | २०७८/११/२५ | मतदाता नामावली ऐन, २०७३ को दफा १८(३) | प्रमुख नाम दर्ता अधिकारीको कार्यालय | प्रमुख नाम दर्ता अधिकारी |
| १३ | क.सं. ४ बमोजिम फरक फरक जिल्लामा दोहोरो नाम परेको सम्बन्धमा निवेदन प्राप्त भए सोको छुट्टै विवरण तयार गरी जिल्लामा अद्यावधिक भएको हटाएको आयोगमा पठाउने | २०७८/११/२६ | २०७८/११/२६ | | प्रमुख नाम दर्ता अधिकारीको कार्यालय/निर्वाचन आयोग | प्रमुख नाम दर्ता अधिकारी |